# आजबाट मैलुङको उत्पादन

रिना मगर

विदुर, नुवाकोट



रसुवाको उत्तरगया गाउँपालिका-१ मा निर्माणाधीन माथिल्लो मैलुङ खोला जलविद्युत् आयोजनाले गत हप्ता प्राविधिक परीक्षण सम्पन्न गरेको छ । उक्त आयोजनाले माघ १० गते दिउँसो १२ बजेबाट परीक्षण उत्पादन सुरु गरी उत्पादित विद्युत् राष्ट्रिय प्रसारणलाइनमा जडान गरिएको छ । परीक्षण प्रसारण सफल भएपछि माघ २६ (आजवाट) बाट आयोजनाले व्यावसायिक उत्पादन सुरु गर्नेछ ।

१४.३ मेगावाट क्षमता रहेको मैलुङ खोला जलविद्युत् आयोजनाको सबै संरचना निर्माणका काम सम्पन्न गरेर उत्पादित विद्युत् राष्ट्रिय प्रसारणलाइनमा जोडिएको छ । सानिमा ग्रुपअन्तर्गत निर्माण सम्पन्न भएको माथिल्लो खोला जलविद्युत् लिमिटेडले प्रवर्द्धन गरेको आयोजनाको व्यावसायिक उत्पादन सुरु भएको आयोजनाका प्रमुख किशोर गौतमले जानकारी दिए । आयोजनाबाट उत्पादित विद्युत् त्रिशूली- ३ 'बी' हब सबस्टेसनमा जोडिने भए पनि हब निर्माणको काम नसकिएकाले अहिले उत्पादित विद्युत् त्रिशूली थ्री 'ए'को प्रसारणलाइनमा जडान गरी मातातीर्थसम्म पठाइएको उनले बताए । प्रारम्भमा दुई अर्ब ५० करोड लागत अनुमान गरिएको यो आयोजना निर्माणमा भएको ढिलाइको कारण दुई अर्ब ८० करोड रुपैयाँ लागत पुगेको छ ।

अहिले परीक्षण उत्पादन सुरु भएको छ । माघको अन्तिमबाट नेपाल विद्युत् प्राधिकरणसँग भएको विद्युत् खरिद सम्झौता (पिपिए)अनुसार विद्युत् बिक्री हुने आयोजना प्रमुख गौतमले बताए । कम्पनीले विद्युत्गृहदेखि त्रिशूली थ्री 'बी' हब सबस्टेसन शान्तिबजारसम्म २८ वटा टावर निर्माण गरी जोडिनेछ । कम्पनीलेस्थानीयतथासर्वसाधारणकालागि सेयर बाँडफाँड सम्पन्न गरिसकेको छ । चार वर्षको अन्तरालमा आयोजनाको सम्पूर्ण काम सकिएको बताइएको छ ।

काम सम्पन गर्न करिब दुई अर्ब ८० करोड लागत लागेको र सिद्धार्थ बैंकको अगुवाइमा नेपाल एसबिआई बैंकले एक अर्ब ८७ करोड ५० लाख रुपैयाँ ऋण लगानी भएको छ । ७५ प्रतिशत ऋण र २५ प्रतिशत स्वपुँजी लगानी रहेको आयोजना प्रमुख किशोर गौतमले बताए ।

# ब्रेक थ्रु फागुन अन्तिममा

सन्देशदाता

विदुर, नुवाकोट

नागढुंगा-सिस्नेखोला सुरुङमार्गको 'ब्रेक थ्रु' आगामी फागुन २३ गते गरिने भएको छ।

मंगलवार राष्ट्रिय सभा अन्तर्गतको दिगो विकास तथा सुशासन समितिको बैठकमा नागढुंगा सुरुङमार्गको हालसम्मको प्रगतिबारे छलफलमा बोल्दै नागढुंगा सुरुङमार्ग आयोजनाका उपनिर्देशक गोविन्द डुमरुले यस्तो जानकारी दिएका हुन् । उनले आगामी मार्च ६ तारिक अर्थात फागुन २३ गते सुरुङ मार्गको 'ब्रेक थ्रु' गर्नेगरी काम भइरहेको बताए। उनले मुख्य सुरुङ २.६८८ किमीमध्ये ३२ मिटर मात्र खन्न बाँकी रहेको बताए। सुरुङ निर्माण गर्दादेखि धादिङ र काठमाडौंतर्फ केही मुआब्जा लगायतका समस्या केही समस्या अझै बाँकी रहेको उनको भनाइ छ। उनले अहिलेसम्म २ हजार ६ सय ३६ मिटर सुरुङ खन्ने काम सकिएको बताए । समग्र आयोजनाको भौतिक प्रगति ६८.५ प्रतिशत र ३ वटा अण्डर पास, ४ वटा बक्स कल्भर्ट, एउटा ओभरपास, ३ वटा पुल निर्माण भएको उनले बताए। उनले एउटा फ्लाई ओभर निर्माणको क्रममा रहेको बताए। डुमरुले अहिलेसम्म ७१ दशमलव ८७ प्रतिशत भौतिक काम सम्पन्न भएको र ३२ मिटर अझै सुरुङ खन्ने काम बाँकी रहेको जानकारी दिए। उनले भने,'विभिन्न कम्पनेन्ट ब्रिक डाउन गर्दा आयोजनाको हालसम्मको प्रगतिमा ६८.५ प्रतिशत सुरुङ मार्ग लगायतमा खर्च भएको छ।

घर टहराको ९५ प्रतिशत मुआब्जा पूरा भएको छ तर थोरै मात्रै मुआब्जाको समस्या बाँकी छ। मुख्य सुरुङ मार्गको ब्रेक थ्रु मार्च ६ मा राख्ने तयारी रहेको छ । हालसम्म ३२ मिटर मात्रै सुरुङ खान्न बाँकी रहेको छ। चालु आर्थिक वर्षको ६ महिनामा ४४ प्रतिशत काम भएको छ।'

सम्वृद्धिका लागि व्यवसायिक संचार
नुवाकोटको प्रतिध्वनी
रेडियो सञ्जिवनी
८९ मेघाहर्ज
कार्यालय: विदुर नगरपालिका वडा नं. ४, बट्टार, क्याम्पस गेट, नुवाकोट
सम्पर्क: ०१०५६१८९५, स्टेशन म्यानेजर: गमला लामा ९८६००४५३१४
इमेल: radiosanjiwani89@gmail.com
वेब: www.sanjiwanionline.com
सस्तो सुलभ मुल्यमा विज्ञापन/सूचना प्रशारण गर्नुपरेमा नुवाकोटको पहिलो व्यवसायिक रेडियो - रेडियो सञ्जिवनी ८९ मेघाहर्जमा सम्पर्क गर्नुहोला व्यवसाय प्रवर्द्धनका लागि व्यवसायिक सहकार्यको लागि आव्हान गरिन्छ।

म्यागङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

देउराली, नुवाकोट

२०७३

बागमती प्रदेश

**गाडी भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना!**

(सूचना प्रकाशित मिति: २०८०/१०/२६)

चालु आ.व. २०८०/०८१ को बाँकी अवधिको लागि यस गाउँपालिका कार्यालयको कार्यालय प्रयोजन तथायोजना अनुगमन/निरिक्षण,सुपरिवेक्षण र फिल्ड भिजिट लगायतका कार्यको लागि आवश्यक पर्ने देहाय अनुसार भाडाको गाडी वा निजी गाडी भाडामा दिन ईच्छुक सवारी धनी/फर्महरुलाई देहाय अनुसारको शर्तको अधिनमा रही तोकिएको समयभित्र रित पूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

१. सिलबन्दी दरभाउपत्र फारम यो सुचना प्रकाशित भएको मितिले १५ औँ दिनभित्र यस कार्यालयको प्रशासन शाखाबाट रु. १,०००/- फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. सिलबन्दी दरभाउपत्र १६ औँ दिनको मध्यान्न १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। यसरी दर्ता हुन आएका दरभाउपत्रहरु १६ औँ दिनको दिउँसो १:०० बजे खोलिनेछ।
३. सिलबन्दी दरभाउपत्र पेश गर्दा विमा कायम गरी नविकरण भएको सवारी दर्ता प्रमाणपत्र, सवारी चालक अनुमति पत्र, फर्मको हकमा फर्म दर्ता तथा नविकरण प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता भएको प्रमाण पत्र र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपिहरु संलग्न राखी यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारिक प्रतिनिधि पठाई सिलबन्दी दरभाउपत्र दर्ता गर्न सकिनेछ।
४. दरभाउपत्र फारमको प्रत्येक पानामा सहिछाप गरी प्रत्येक आईटमको दररेट अंक र अक्षर दुवैमा प्रष्ट लेखि सिलबन्दी गरी पेश गर्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ।
५. उल्लेख गरेको विवरण गल्ती भई सच्याउनु पर्ने भएमा खुर्कने, मेट्ने वा टिपेक्स लगाउने कार्य नगरी पढ्न सकिने गरी एउटा धर्सोले काटी विवरण थप्नुपर्ने भएमा थप चिन्ह प्रयोग गरी थप गर्ने र थप गरेको तथा काटेको स्थानमा पछी थपघट गर्न नमिल्ने गरी अगाडी पछाडी हस्ताक्षर गरेको हुनुपर्नेछ। सो बमोजिम नभएको प्रस्तावलाई मान्यता दिइने छैन।
६. रित नपुगी आएका वा म्याद नाघी भएको वा अन्य शर्त राखी पेश हुन आएका दरभाउपत्र मूल्याङ्कनमा समावेश गरिनेछैन।
७. दरभाउपत्र पुर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।
८. कार्यक्षेत्रगत शर्तहरु तथा थप जानकारीको लागि कार्यालय समयभित्र प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।
९. कार्यालयले प्रयोग गर्दाको बखत सवारी साधन बिग्रिएमा, दुर्घटना भएमा सर्भिसिङ गर्नुपर्ने भएमा तथा जुनसुकै खर्च साथै चालकको तलब भत्ता आवास खाना खर्च सवारी धनीले ब्यहोर्नु पर्ने छ।

तपशिल:

| क्र.सं. | सवारी साधनको प्रकारर स्पेसिफिकेशन | भाडामा लिने सवारी साधन संख्या | मासिक अधिकतम भाडा रकम |
|---|---|---|---|
| 1. | Brand: Hilux or Isuzu, or Equivalent and Double Cap (Seat Capacity: 5), Four Wheel, Suitable for Off-Road. | 1 | 1,80,000/- |

"सुन्दर, सुखी, सुसंस्कृत र समृद्ध म्यागङ"

ईमेल:myagangrm@gmail.com, info@myagangmun.gov.npURL: myagangmun.gov.npnp

|| अतिथि देवोः भव ||
सुखद पाहुना घर
विदुर-४, विदुर, नुवाकोट
फोन नं.: ९८५११६१७८५,९८५११२९०१४,९५१०६१२७५
इमेल: hellosukhad@gmail.com
२०० क्षमता भएको डिलक्स ए.सी. सभा हल
२५ क्षमता भएको बैठक कक्ष
यथेष्ट पार्किङ
शुभकार्यको लागि उपयुक्त स्थान
सुविधा सम्पन्न पाहुना कक्ष



वातावरणमैत्री महिलामैत्री बालमैत्री अपाङ्गमैत्री
www.sukhadpahunaghar.com

राधे-राधे ॐ सुचना ॐ राधे-राधे
गोसाईकुण्ड तीर्थयात्रा प्रा.लि.



हाम्रा सेवाहरू
एकादश ज्योतिलिङ्ग, सहित तीन धाम यात्रा आरामदायी बस तथा ट्रेनद्वारा गराईने छ ।



१. जगन्नाथपुरी, रामेश्वरम, द्वारकाधीश ।
२. बद्रीनाथ, केदारनाथ सहित उत्तरखण्डको चार धाम यात्रा गराईने छ ।
३. पौषे औशीमा गया श्राद्धको लागी रिर्जव बसको व्यवस्था गराईने छ ।
४. दार्जीलिंग, सिक्कीम, कामरू कामख्या, परशुराम कुण्डा सहित प्याकेज टुर गराईने छ ।
५. वैष्णो देवी, अमरनाथ, ज्वाला देवी, काँडगडा देवी, नैना देवी, पंजाबको स्वर्ण मंदिर टूर गराईने छ ।
नेपालका तिर्थस्थलहरू ।
मुक्तिनाथ, हलेसी, पाथीभरा, रारा प्याकेज टुर गराईने छ ।



राजकुमार खनाल
९८४१८००५३६, ९८१८६७२६०३
श्री राम खनाल
९८५१०८८२१३, ९८४१५०४१९८
गोपाल अर्याल
९८४९२५२२२६



००९१-७७६६८३०८८३ (इण्डियन नं.)